# श्री सिद्ध सालवाटा सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा.-६, कैलाली

## छिमेकी समूह तथा जिल्ला भित्रका उपभोक्ताहरुको लागि काठ बिक्री वितरण सम्बन्धी १० दिने सूचना

रैकवार खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति: २०८१/०२/१८

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा संकलन तथा सामुदायिक वन उपभोक्ता समूहको भवन कम्पाउण्डमा घाटगद्दी गरी समूहमा आन्तरिक खपत भई बाँकी रहेको साल जातको गोलिया थान ४२ को २७०.५१ क्यू. फिट र सल्लो जातको गालिया थान ७२ को १३९२.०७ क्यू.फिट काठ घरायसी प्रयोजनका लागि उपलब्ध गराउने गरी छिमेकी समूह तथा जिल्ला भित्रका उपभोक्ताहरुका लागि काठ बिक्री वितरणका लागि यो १० दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिनभित्र यस सा.व.उ.स. को कार्यालयमा निवेदन दाखिला गर्नहुन सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

तपसिल

| सि.नं. | जात | थान | काठ क्यू.फिट | कैफियत |
|---|---|---|---|---|
| १. | साल | ४२ | २७०।५१ | |
| २. | सल्लो | ७२ | १३९२।०७ | |

अध्यक्ष

..................

मोहन बहादुर ठाडा

# श्री सिद्ध सालवाटा सामुदायिक वन उपभोक्ता समूह

चुरे गा.पा.-६, कैलाली

## सल्लाको मेटा (आँख्ला) लिलाम विक्री सम्बन्धी विस्तृत विवरण सहितको सूचना

सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति: २०८१/०२/१९

उपरोक्त विषयमा, डिभिजन वन कार्यालय, कैलालीको च.नं. २२३७ मिति २०८०/१२/०४ गतेको संकलन सहमति बमोजिम यस सा.व.उ.स. को वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाण्डमा घाटगद्दी गरी राखेको १५११४ किलो ग्राम सल्लाको मेटा (आँख्ला) लिलाम प्रक्रियाद्वारा विक्री वितरण गर्न सव डिभिजन वन कार्यालय, सहजपुरको च.नं. १५७ मिति २०८१/०२/१७ को सिफारिस तथा डिभिजन वन कार्यालय, कैलालीको च.नं. ३०८६ मिति २०८१/०२/१८ को विक्री वितरण सहमति बमोजिम घाटगद्दीमा मौज्दात रहेको सल्लाको मेटा (आँख्ला) तपसिल बमोजिमको लट कायम गरी जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गर्नु परेको हुँदा सम्बन्धित निकायमा दर्ता भएका समूह, फर्म, कृषि फर्म तथा संस्थाले निम्न शर्तको अधिनमा रही यो सम्बन्धित सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट बोलपत्र खरीद गरी १६ औं दिनको ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| सि.नं. | लट नं. आ.व. | घाटगद्दी स्थान | जात | ग्रेड | परिमाण (के.जी.) | न्यूनतम मूल्य (प्रति के.जी.) | लागत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ / २०८०/०८१ | सा.व.उ.स. कम्पाउण्ड | सल्ला | मेटा (आँख्ला) | १५११४ | रु. ५/- | रु. ४०,०००/- | |

### शर्तहरु

१. यो सम्बन्धित सुचना श्री सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्रमा मु.ब.कर दर्ता भएको काठ व्यवसायि फर्मले रु. ३००० /- (फिर्ता नहुने गरी) तिरी यस स.ब.को कार्यालयबाट बोलपत्र फर्म खरिद गर्न सकिने छ ।

२. आफूले सकार गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम र लागत खर्च अनिवार्य रुपमा सा.व.उ.स.को नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनगढी शाखामा रहेको चल्ती हिसाब नं. ४१७०१००००४९०५००१ मा जम्मा गरेको सक्कल भौचर वा सा.व.उ.स. को नगदी रसिद सक्कल वा बैंक ड्रफ्ट तथा मु.अ. करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत बोलपत्र साथ संलग्न गरी शिलबन्दी बोलपत्र पेश गुर्नपर्ने छ ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन विदा परेमा क्रमश: कार्यालय खोल्ने दिनमा उपरोक्त समय नै बोलपत्र खोल्ने विक्री, दर्ता खोल्ने कार्य हुने छ ।

४. बोलपत्र दर्ताले बोलपत्रमा आफ्नो नाम, ठेगाना लेखि दस्तखत गरी फर्म वा संघ संस्थाको छाप समेत लगाई खाममा राखि शिलबन्दी गरी खामको बाँया तर्फ आफ्नो नाम लेखि फर्म वा संस्थाको छाप लगाई दायाँ तर्फ बोलपत्र पेश हुने कार्यालयको नाम विषय र लट नं. उल्लेख गरी बोलपत्र पेश गर्नु पर्ने छ ।

५. बोलपत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख हुने पर्ने छ । अंक र अक्षरमा फरक परेमा अंकलाई मान्यता दिइने छ ।